# लोक सेवा आयोग
## (केन्द्रीय कार्यालय)

### प्रेस विज्ञप्ती

लोक सेवा आयोगबाट निजामती सेवाको रिक्त पदहरुको पदपूर्तिको गर्न आर्थिक वर्ष २०७९/०८० देखि हुने विज्ञापनमा राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक), सहसचिव वा सो सरह पदको द्वितीय चरणको सक्षमता परीक्षा तथा राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह, राजपत्र अनंकित प्रथम श्रेणी(अप्राविधिक), नायब सुब्बा वा सो सरह र राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरहका पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र अंकभारमा निम्नानुसार हुने गरी संशोधन तथा परिमार्जन गरिएको व्यहोरा आयोगको मिति २०७९/०५/१३ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

निम्न :

१) राजपत्रांकित प्रथम श्रेणी (अप्राविधिक), सहसचिव वा सो सरह पदको द्वितीय चरणको सक्षमता परीक्षा अन्तर्गत मामिला प्रस्तुतिकरणको पूर्णाङ्क साविकको ५० अंकको सट्टा ३० अंक कायम गर्ने ।

२) राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह, राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह र राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरहका पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको प्रथम चरण (प्रथम पत्र)मा उम्मेदवारले प्राप्त गरेको कूल अंक (प्राप्ताङ्क) को ५० (पचास) प्रतिशत अंकभार कायम गरी अन्तिम चरणको योग्यताक्रममा गणना गर्ने ।

मिति : २०७९/०५/२३

तोयनारायण सुवेदी
सहसचिव एवं प्रवक्ता